नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## प्यूठान

Website: www.daopyuthan.moha.gov.np
E-Mail:- daopyuthan@moha.gov.np,
daopyuthan2074@gmail.com

फोन नं ०८६-४२००११
४२०१११
४२००४८
फ्याक्स ०८६-४२०२९९


पत्र संख्याः- ०७९/०८०
चलानी नं : ८३२

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय प्यूठान

मितिः- २०७९/०६/११

बिषयः- सूचना टाँस सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै,
श्री नेपाल औषधी व्यवसायी संघ, शाखा प्यूठान,
प्यूठान ।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७९/०६/०९ गते प्रकाशित भएको कानुनी प्रक्रिया एवं मापदण्ड पुरा गरि स्वास्थ्य संस्थाहरु संचालन गर्ने बारेको ३५ दिने सूचना तहाँको सूचना पाटी टाँस गरी सोको जानकारी यस कार्यालयमा गरिदिनुहुन अनुरोध छ ।

२०७९/६/११
प्रशासकीय अधिकृत

श्री प्रशासन
सुचना पाटीमा सुचना टाँस गरी जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउनु हुन ।
६/११

# कानुनी प्रक्रिया एवं मापदण्ड पुरा गरि स्वास्थ्य संस्थाहरु संचालन गर्ने बारेको ३५ दिने सुचना

यस कार्यालयबाट विभिन्न मितिमा जिल्लाभित्र संचालनमा रहेका फार्मेसि, स्वास्थ्य क्लिनिक, डेन्टल क्लिनिक तथा पोलीक्लिनिकहरुको अनुगमन गर्दा जनस्वास्थ्य ऐन/नियमावली तथा अन्य प्रचलित ऐन कानुन बमोजिम सम्बन्धित निकायबाट लिनुपर्ने दर्ता/ईजाजत पत्र/अनुमति पत्र नलिई स्वास्थ्य संस्थाहरु संचालन गरेको, औषधी ऐन, २०३५ मा भएको कानुनी व्यवस्था बमोजिम फार्मेसिहरुमा औषधी बिक्रि वितरणको लागि फर्माशिष्ट वा फार्मेशी सहायक अनिवार्य रुपमा राख्नु पर्नेमा नराखि सो कानुनी व्यवस्था पालन नगरेको देखिएको तथा चिकित्सकको प्रेस्क्रिप्सनबिना औषधीहरु जथाभावी बिक्रि वितरण गरेको पाईएको छ। सो कार्यबाट आम मानिसको जनस्वास्थ्यमा प्रतिकुल असर पर्न सक्ने भएकोले प्रचलित ऐन कानुनमा व्यवस्था भए बमोजिम सम्बन्धित निकायबाट दर्ता/ईजाजत पत्र/अनुमति पत्र लिएर तोकिएका मापदण्ड तथा गुणस्तर कायम गरि स्वास्थ्य संस्थाहरु संचालन गर्नुहुन, फार्मेशीहरुले औषधी बिक्रि वितरण गर्न पसलमा अनिवार्य रुपमा फर्माशिष्ट वा फार्मेसि सहायक राख्नुहुन र औषधीको अधिकतम खुद्रा मुल्य(Maximum Retail Price) भन्दा बढि मुल्यमा बिक्रि वितरण नगर्नुहुन तथा बिल बिजक अनिवार्य रुपमा लिनुदिनुहुन सम्बन्धित सबैको जानकारीको लागी यो ३५ (पैंतिस) दिने सुचना प्रकाशन गरिएको छ । सम्बन्धित नियमनकारी निकाय तथा यस कार्यालयबाट हुने नियमित अनुगमनको क्रममा प्रचलित ऐन कानुनको बर्खिलाप हुने गरि जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने कुनै कार्य गरे गराएको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा सुचित गरिन्छ ।

२०७८/६/५

सुनिता ...

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय प्युठान